(ऑंठौं) बैठक :-

भोटेकोशी गाउँपालिका
चौतारा/सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

आज मिति २०७९।०७।१८ गते शुक्रबारका दिन बिहानको ११:०० बजे यस भोटेकोशी गाउँपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पाज्यूको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपशीलका पदाधिकारीहरुको उपस्थितिमा उल्लेखित प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

तपशील

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री पासाङ नुर्पु शेर्पा | अध्यक्ष | |
| २) | श्री दिछेन शेर्पा | उपाध्यक्ष | |
| ३) | श्री साङ्वु लामा | वडा नं. १ वडाध्यक्ष | |
| ४) | श्री कुमार श्रेष्ठ | वडा नं. २ वडाध्यक्ष | |
| ५) | श्री निमा सोना शेर्पा | वडा नं. ३ वडाध्यक्ष | |
| ६) | श्री टासि शेर्पा | वडा नं. ४ वडाध्यक्ष | |
| ७) | श्री दावा त्यम्वा तामाङ | वडा नं. ५ वडाध्यक्ष | |
| ८) | श्री आङछिरीङ शेर्पा | कार्यपालिका सदस्य | |
| ९) | श्री बच्चु घतानी | कार्यपालिका सदस्य | |
| १०) | श्री पम्फा वि क | कार्यपालिका सदस्य | |
| ११) | श्री रुपा रिमाल लाम्गाते | कार्यपालिका सदस्य | |
| १२) | श्री जमुना थामी | कार्यपालिका सदस्य | |
| १३) | श्री निमि शेर्पा | कार्यपालिका सदस्य | NIMI |
| १४) | श्री भद्र बहादुर बस्नेत | प्र.प्र.अ/सदस्य सचिव | |

सहयोगी कार्मचारी

१) श्री भवानी प्रसाद मिश्र — लेखा अधिकृत

२) श्री गंगासागर पौड्याल — रोजगार संयोजक

३) श्री सपना कार्की — कार्यालय सहयोगी

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु**

१) सडक बोर्ड बाट प्राप्त हिन्दी नारायणथान सडक मर्मत सम्बन्धमा
२) यस गा.पा स्थीत संचालित जल विधुत आयोजनाहरु मार्फत सामाजिक उतरदायित्व बाट प्राप्त हुने रकमको नवीकरण सम्बन्धमा
३) मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको लागि मतदान केन्द्रमा आवतजावत गर्ने मतदाताहरुलाई सहज हुने गरि सडक सरसफाई गर्ने सम्बन्धमा
४) ड्राइपोर्ट दुगुना टासीथाङ सडक निर्माण व्यवसायीको माग अनुसार Variation गरि अन्य भागमा काम सम्बन्धमा
५) तेस्रो लिस्तिकोट दुगुनागढी माउन्टेन ट्रेल रेसको खर्च अनुमोदन सम्बन्धमा
६) मतदाता शिक्षा कार्यक्रम खर्च सम्बन्धमा
७) निर्वाचन आचार संहिता सम्बन्धमा
८) विपद् आपतकालिन आश्रय स्थल निर्माणको लागि जग्गा पहिचान सम्बन्धमा
९) झिर्पू झो.पु लाई खोकुण्डोल ड्राइपोर्ट सार्ने सम्बन्धमा
१०) ढुङ्गा गिट्टी बालुवा लगायत दहतर बहतरको टेण्डर सम्बन्धमा
११) हिमरिभर पावर कम्पनिको नाममा जग्गा पारित सम्बन्धमा
१२) गौतमबुद्ध अरनिको स्वागत द्वार निर्माण सामग्री सम्बन्धमा
१३) विविध

**निर्णयहरु**

१) निर्णय नं १ उपर छलफल गर्दा सडक बोर्ड बाट प्राप्त हिन्दी नारायणथान सडक मर्मत रकम हिन्दी देखि नारायणथान सम्मको आवश्यक अनुसारको स्थानहरुमा मर्मत खर्च गर्ने निर्णय गरियो।

२) निर्णय नं २ उपर छलफल गर्दा यस गा.पा स्थीत संचालित जल विधुत आयोजनाहरु मार्फत सामाजिक उतरदायित्व बाट प्राप्त हुने रकमको नवीकरण सम्बन्धि बैठक सम्पूर्ण जल विधुत आयोजनाहरु संग २०७९ मंसिर १८ गते आइतबारका दिन बस्ने निर्णय गरियो।

३) निर्णय नं ३ उपर छलफल गर्दा मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको लागि मतदान केन्द्रमा आवतजावत गर्ने मतदाताहरुलाई सहज हुने गरि सडक सरसफाई आवश्यकता र लागत अनुमान अनुसार सडक तथा पुल शिर्षक अन्तर्गत विनियोजित रकम बाट खर्च गर्ने निर्णय गरियो।

४) निर्णय नं ४ उपर छलफल गर्दा ड्राइपोर्ट दुगुना टासीथाङ सडक निर्माण अन्तर्गत Soft Rock र Hard Rock को प्राविधिक पुस्ट्याइ अनुसारको घटाई प्लम ढलान र पिसीसी ढलान बढाउनु पर्ने भएकोले स्थलगत आवश्यकता अनुसार Variation अनुमोदन गरि कार्य संचालनमा ल्याउने निर्णय गरियो।

५) मिति २०७९ कार्तिक १७ गतेका दिन संचालित तेस्रो लिस्तिकोट दुगुनागढी माउन्टेन ट्रेल रेसको खर्च रु. १७०८००० ।- मध्ये नपुग रकम रु. ९०८००० ।- गा.पा चालु तर्फको खेलकुद उत्सव महोत्सबमा विनियोजित रकमबाट खर्च अनुमोदन गरि भुक्तानी गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

६) जिल्ला प्रशासन कार्यालय तथा निर्वाचन कार्यालयबाट भएको निर्देशन अनुसार मतदाता शिक्षा कार्यक्रम तथा सवारी भाडा बापतको खर्च गा.पा चालु तर्फको विविध खर्चबाट रु १ लाख ५० हजार बाट नबढ्ने गरि खर्च व्यवस्थापन गरि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७) निर्वाचन आचार संहिता पालना गर्ने निर्णय गरियो ।

८) विपद् आपतकालिन आश्रय स्थल निर्माणको लागि जग्गा पास बापतको खर्च सोहि वडा कार्यालयबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

९) झिर्पू झो.पु भएको ठाउँमा नयाँ बेली ब्रिज निर्माण भएको हुँदा उक्त झो.पु खोकुण्डोल ड्राइपोर्टमा स्थान्तरण गर्नलाई सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

१०) ढुङ्गा गिट्टी बालुवा लगायत दहतर बहतरको टेण्डर दुई पटक सम्म गर्दा पनि कसैको नपरेको हुँदा पुन: ७ दिनको सूचना गर्ने निर्णय गरियो ।

११) हिमरिभर पावर कम्पनिको नाममा जग्गा पारित सम्बन्धमा कम्पनिले गर्ने सार्वजनिक सुनुवाई पछाडी छलफल पश्चात निर्णय गर्ने निर्णय गरियो ।

१२) गौतमबुद्ध अरनिको स्वागतद्वार स्तम्भ निर्माण तथा संरक्षण समितिले पेश गरेको पत्रानुसार निर्माण सामग्रीहरुको सम्बन्धमा उक्त योजना संचालन गर्न बजेट व्यवस्थापन गर्ने सम्बन्धित निकाय संग समन्वय गरि हालको मूल्य निर्धारण गर्न आवश्यक सहयोग प्राप्तिको लागि आग्रह गर्ने निर्णय गरियो ।

१३) क) तपशिल बमोजिमको सदस्यहरु रहने गरि उद्यम विकास समिति र उद्यम विकास अनुगमन समिति गठन गरि आ.व २०७९/०८० को संघीय ससर्त अनुदान बाट प्राप्त बजेट विभिन्न शिर्षकमा बाँडफाँड गरि पारित गर्ने निर्णय गरियो ।

**उद्यम विकास समिति**

१) पासाङ नुर्पु शेर्पा - गाउँपालिका अध्यक्ष, संयोजक
२) साङ्बु लामा - आर्थिक तथा योजना समिति संयोजक, सदस्य
३) भद्र बहादुर बस्नेत - प्र.प्र.अ, सदस्य
४) सुनिता श्रेष्ठ- महिला वडा सदस्य, सदस्य
५) शर्मिला प्रधान - उद्यमी प्रतिनिधि, सदस्य
६) सानुमाया तामाङ - वित्तीय संस्था प्रतिनिधि, सदस्य
७) गंगासागर पौड्याल - शाखा प्रमुख, सदस्य सचिव

**उद्यम विकास अनुगमन समिति**

...शी गाउँपालिका
...कुटी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१) दिछेन शेर्पा - गाउँपालिका उपाध्यक्ष, संयोजक
२) निमी शेर्पा - कार्यपालिका सदस्य, सदस्य
३) तेज प्रसाद ढकाल - योजना शाखा प्रमुख, सदस्य
४) शुंष्मा तामाङ - उद्यमी प्रतिनिधि, सदस्य
५) पुष्पा प्याकुरेल - उद्यमी विकास सहजकर्ता, सदस्य सचिव

ख) भोटेकोशी वडा नं ४ हिन्दी नारायणथान सडक मर्मत बापतको खर्च रु २ लाख ५५ हजार गा.पा चालुको निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्चमा विनियोजित भुक्तानी दिने निर्णय गरियो ।

ग) रजिस्ट्रेसन पास गर्नको लागि कित्ता काट गर्ने गरि स्थानीय भू-उपयोग परिषद् मार्फत सिफारिस गर्ने निर्णय गरियो ।

घ) आन्तरिक राजस्व कार्यालय यस जिल्लामा नरहेको हुँदा समिति दर्ता गरि पान नं लिने प्रक्रिया झन्झटिलो भएको हुनाले रु १० लाख सम्मको आयोजनाको लागि समिति दर्ता गरि पान नंबर लिन नपर्ने गरि आयोजना संचालन गराउने निर्णय गरियो ।

प्रमाणित